# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ८, संख्याः १,   मितिः २०८१ साल जेठ २० गते**

**भागः २**

## अन्नपूर्ण गाउँपालिका
## सहकारी संस्थाको निरीक्षण तथा अनुगमन निर्देशिका २०८०

**कार्यपालिकाबाट स्वीकृत मिति २०८०/११/१८**

**प्रस्तावनाः**

सहकारीका सर्वमान्य सिद्धान्तको परिपालना तथा वित्तीयअनुशासन कायम गर्नुका साथै अन्नपूर्ण गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र संचालित सहकारी संस्थाहरूमा सुशासन तथा पारदर्शिता कायम गरी गुणस्तरीय सेवा प्रवाहको माध्यमबाट सहकारी संस्थाको संचालनमा प्रभावकारिता र दिगोपना कायम गराउनका लागि सहकारी संस्थाहरूको नियमित स्थलगत निरीक्षण, अनुगमन व्यवस्थालाई थप प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा १२६ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र अन्नपूर्ण गाउँपालिका सहकारी ऐन २०७४ को दफा १०१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिका कास्कीको गाउँ कार्यपालिकाले यो **अन्नपूर्ण गाउँपालिका सहकारी संस्था निरीक्षण तथा अनुगमन निर्देशिका २०८०** तर्जुमा गरी लागु गरेको छ।

### परिच्छेद – १
### नाम र परिभाषा

१) **संक्षिप्त नाम र प्रारम्भ** : (क) यस निर्देशिकाको नाम "अन्नपूर्ण गाउँपालिका सहकारी संस्थाको निरीक्षण तथा अनुगमन  निर्देशिका २०८०" रहेको छ।
(ख) यो निर्देशिका गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखी लागु हुनेछ।

**२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,

(क)"ऐन" भन्नाले अन्नपूर्ण गाउँपालिका सहकारी ऐन, २०७४ लाई जनाउने छ।
(ख)"नियमावली" भन्नाले सहकारी नियमावली, २०७५ लाई जनाउने छ।

(ग) "विनियम" भन्नाले सम्बन्धित सहकारी संस्थाको विनियमलाई जनाउने छ।

(घ) "सहकारी संस्था" भन्नाले अन्नपूर्ण गाउँपालिकाको नियामक क्षेत्राधिकार भित्रका प्रारम्भिक सहकारी संस्थालाई जनाउने छ।

(ङ) "अनुगमन" भन्नाले सहकारी संस्थाको कारोवारसँग सम्बन्धित विवरणहरु संकलन गरी सूचना राख्ने, अद्यावधिक गर्ने र आवश्यकता अनुसार तुलना तथा रुजु गर्ने काम सम्झनुपर्छ।

(च) "निरीक्षण" भन्नाले अधिकार प्राप्त नियामक निकाय वा कार्यालयका पदाधिकारी तथा कर्मचारीबाट स्थलगत जाँच गरी सहकारी संस्थाले आफ्नो उद्देश्य बमोजिम काम सम्पन्न गरेको छ छैन भनी हेर्ने र जाँचबुझ गर्ने कार्यलाई सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले सहकारी संस्थाका संचालक समितिलाई जनाउने छ।

(ज) "दर्ता अधिकारी" भन्नाले अन्नपूर्ण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा दर्ता अधिकारीको काम गर्न तोकिएको अधिकार प्राप्त अधिकारीलाई जनाउने छ।

(झ) "सदस्य" भन्नाले सहकारी संस्थाको विनियम बमोजिम शेयर खरिद गरी सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्तिलाई जनाउने छ।

(ञ) "कार्यक्षेत्र" भन्नाले सहकारी संस्थालाई कारोवार गर्न र सदस्यता विस्तार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउने छ।

(ट) "शेयर पुँजी" भन्नाले सहकारी संस्थाको चुक्ता शेयर पुँजीलाई जनाउने छ।

(ठ) "निक्षेप" भन्नाले व्याज दिने गरी वा नगरी सहकारी संस्थाका शेयर सदस्यहरूले जम्मा गरेको बचत रकमलाई जनाउने छ। यस शव्दले सदस्यहरूका नाबालक बालबालिकाहरूको नाममा नियमित बचत हुने बचत रकमलाई समेत जनाउने छ।

(ड) "एकीकृत व्यवस्थापन सूचना प्रणाली" भन्नाले सहकारी विभागले स्थापना गरेको ईन्टरनेट संचार प्रणालीमा आधारित सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (Cooperative and Poverty Related Management Information System-COPOMIS) लाई जनाउने छ।

(ढ) "गाउँपालिका' भन्नाले अन्नपूर्ण गाउँपालिका, कास्कीलाई जनाउने छ।

(ण) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकारलाई जनाउने छ।

(त) "विभाग" भन्नाले सहकारी विभागलाई जनाउने छ।

(थ) "प्रदेश सहकारी कानुन" भन्नाले गण्डकी प्रदेश सरकारको सहकारी ऐन, २०७५ लाई जनाउने छ। सो शब्दले उक्त ऐन अन्तर्गत वनेको नियमावली, मापदण्ड, निर्देशिका र कार्यविधीलाई समेत जनाउने छ।

(द) "निरीक्षण र अनुगमन टोली" भन्नाले यस निर्देशिकाको दफा १२ बमोजिम गठित निरीक्षण तथा अनुगमन टोलीलाई जनाउने छ। सो शव्दले अन्य नियामक निकाय वाट खटिएको तथा संयुक्त निरीक्षण र अनुगमन टोलीलाई समेत जनाउने छ।

(ध) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि आषाढ मसान्त सम्मको अवधिलाई सम्झनुपर्छ।

(न) "संघीय सहकारी कानून" भन्नाले सहकारी ऐन २०७४ लाई सम्झनुपर्छ सो शब्दले उक्त ऐन अन्तर्गत बनेको नियमावली मापदण्ड, निर्देशिका तथा कार्यविधीलाई समेत सम्झनुपर्छ।

(प) “नियामक निकाय” भन्नाले सहकारी संस्थाको नियामक क्षेत्राधिकार अनुसार बिभाग वा प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय वा अन्नपूर्ण गाउँपालिकालाई सम्झनुपर्छ।

(फ) "रजिष्टार" भन्नाले सहकारी विभागका रजिष्टार वा निजबाट अधिकार प्राप्त अधिकारीलाई सम्झनुपर्छ।

(ब) "निर्देशन" भन्नाले अन्नपूर्ण गाउँपालिका, कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश तथा संघीय भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय तथा सहकारी विभागबाट जारी निर्देशनलाई सम्झनुपर्छ।

(भ) "जायजेथा" भन्नाले सहकारी संस्थाको पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण गरिएको वासलातमा उल्लेखित कुल सम्पत्ति सम्झनुपर्छ।

(म) "अधिकार प्राप्त अधिकारी" भन्नाले प्रचलित सहकारी कानुन अनुसार तोकिएबमोजिमको अधिकार प्राप्त अधिकारी सम्झनुपर्छ सो शब्दले कायममुकाम वा निमित्त भै काम गर्ने अधिकारीलाई समेत जनाउँदछ।

(य) नजिकको नातेदार भन्नाले बाबुआमा, काका काकी, मामामाइजू, फुपु फुपाजु, दाजुभाइ, दिदीबहिनी, भाउजु बुहारी, भिनाजु ज्वाई, सालासाली, छोराछोरी, भतिजा भतिजी, भान्जाभान्जी, मामाका छोराछोरी, फुपुका छोराछोरी भन्ने सम्झनुपर्छ।

## परिच्छेद – २
## निरीक्षण तथा अनुगमनका आधार

**३) निरीक्षण तथा अनुगमनका आधारः** (१) गाउँपालिकाले मातहतका सहकारी संस्थाको निरीक्षण गर्दा देहायका कानुनी, नीतिगत र संस्थागत आधारहरूको प्रयोग गर्नुपर्ने छ।

क) नेपालको संविधान, प्रचलित ऐन कानुन नीति, आवधिक योजना र वार्षिक कार्यक्रम।

ख) संघ, प्रदेश र स्थानीय तहबाट जारी सहकारी नीति, ऐन, नियमावली, दिग्दर्शन, मापदण्ड निर्देशिका र कार्यविधिहरू।

ग) सहकारीको प्रचलित मूल्यमान्यता र अन्तराष्ट्रिय सहकारी सिद्धान्तहरू।

घ) सम्बन्धित सहकारी संस्थाको विनियम नीति नियम र कार्यविधिहरू।

ङ) सम्बन्धित सहकारी संस्थाको लेखा परीक्षण प्रतिवेदनहरू।

च) सम्बन्धित सहकारी संस्थाको वार्षिक कार्यक्रम र बजेट चौमासिक तथा वार्षिक प्रतिवेदनहरू।

छ) संघ, प्रदेश र स्थानीय तहबाट भएका पूर्व निरीक्षण प्रतिवेदन र सुझाव तथा कैफियतहरू।

ज) सम्बन्धित सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदनहरू।

झ) सम्बन्धित सहकारी संस्थाको वार्षिक साधारण सभा, संचालक समिति तथा अन्य समिति उपसमितिको निर्णय तथा प्रतिवेदनहरू।

ञ) सम्पत्ति सुद्धिकरण निवारण सम्बन्धी कानुनमा उल्लेखित प्रावधानहरू।

ट) संस्थाको कारोवारको शिलशिलामा सान्दर्भिक अन्य कुराहरू।

(२) उपदफा (१) मा उल्लेखित निरीक्षण अनुगमनका आधारहरुको साथै अन्य आधार र सुचकहरू मन्त्रालय, विभाग, प्रदेश सरकार र गाउँपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद – ३
## प्रणालीगत अनुगमन

**४) वित्तीय विवरण दाखिला गर्नुपर्नेः** (१) सहकारी संस्थाले प्रत्येक महिनाको ७ गते भित्र मासिक, प्रत्येक चौमासिक व्यतित भएको १५ दिन भित्र चौमासिक र प्रत्येक आर्थिक वर्ष व्यतित भएको ३० दिन भित्र वार्षिक वित्तीय प्रतिवेदन रजिष्ट्रारले तोकिदिएको ढाँचामा एकीकृत व्यवस्थापन सूचना प्रणालीमा दाखिला गर्नुपर्ने छ।

(२) वित्तीय कारोवार नगर्ने सहकारी संस्थाहरूले उपदफा १ को अतिरिक्त सामान खरिद तथा विक्रिको छुट्टै विवरण तयार गरी गाउँपालिकामा पेस गर्नुपर्ने छ।

(३) संस्थाले साधारण सभा बस्ने मिति, समय, स्थान र छलफलका विषयहरू खुलेको जानकारी साधारण सभा हुनुभन्दा कम्तिमा पन्ध्र दिन पहिले गाउँपालिकाको कार्यालयमा पेस गर्नुपर्ने छ।

(४) संस्थाको साधारण सभा सम्पन्न भएको मितिले पन्ध्र दिन भित्र साधारण सभाको उपस्थिति सहितको साधारण सभाको प्रतिवेदन गाउँपालिकामा पेस गर्नुपर्ने छ।

(५) संस्थाको वार्षिक लेखा परीक्षण गर्नुभन्दा पहिले लेखा परीक्षक नियुक्तीको जानकारी गाउँपालिकामा दिनुपर्ने छ।

(६) गाउँपालिकाले निर्धारित अवधी भित्र विवरण दाखिला नगर्ने सहकारी संस्थालाई पटकै पिच्छे रु. ५००।– सम्म जरिवाना गर्न सक्नेछ।

**५) संशोधित विवरण दाखिला गर्नुपर्नेः** (१) देहायको अवस्थामा सहकारी संस्थाले दफा ४ बमोजिम गरेको दाखिलामा संशोधित विवरण दाखिला गर्नुपर्ने छ।

क) प्रत्येक चौमासिकमा आन्तरिक लेखा परिक्षण हुँदा प्रमाणित गरिएको खाताबही अनुसारको वित्तीय विवरण चौमासिक दाखिलाको वित्तीय विवरणसँग फरक परेकोमा,

ख) साधारण सभाबाट अनुमोदन भएको प्रत्येक आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन अनुसारको वित्तीय विवरण दाखिलाको वित्तीय विवरणमा फरक परेकोमा।

(२) संशोधित विवरण दाखिला गरिएको मिति उप्रान्तका जुनसुकै दाखिलामा सहकारी संस्थाले संशोधित दाखिलाकै वित्तीय विवरणको आधार लिनुपर्ने छ।

**६) प्रारम्भिक वित्तीय लेखाजोखाः** (१) गाउँपालिकाले दफा ४ बमोजिम एकीकृत सूचना प्रणालीमा प्राप्त प्रत्येक दाखिलाका आधारमा देहायका अन्तराष्ट्रिय मान्यता प्राप्त मापदण्डका अनुसार सम्बन्धित सहकारी संस्थाको एकल वा समष्टिगत प्रारम्भिक वित्तीय लेखाजोखा गर्नुपर्ने छ।

क) ऋण हानी व्यवस्था (पि १)

ख) ऋण हानी खुद व्यवस्था (पि २)

ग) असल ऋणको लागि जोखिम व्यवस्था (पि २ एक्स)

घ) खुद ऋण र कुल सम्पत्ति अनुपात (ई १)

ङ) कुल बचत दायित्व र कुल सम्पत्ति अनुपात (ई ५)

च) बाह्य ऋण दायित्व र कुल सम्पत्ति अनुपात (ई ६)

छ) कुल अंशधन र कुल सम्पत्ति अनुपात (ई ७)

ज) संस्थागत पुँजी र कुल सम्पत्ति अनुपात (ई ८)

झ) कुल ऋण लगानी र भाखा नाघेको ऋण अनुपात (ए १)

ञ) कुल सम्पत्ति र नकमाउने सम्पत्ति अनुपात (ए २)

ट) कुल संचालन खर्च र कुल औषत सम्पत्ति अनुपात (आर ९)

ठ) खुद उवार र कुल औषत सम्पत्तिको अनुपात (आर १२)

ड) तरलता जगेडा र बचत दायित्व अनुपात (एल २)

ढ) जायजेथा वृद्धिदर (एस ११)

(२) उपदफा (१) बमोजिम लेखाजोखा गर्दा **अनुसूची -१** मा दिईएको गणना विधि अपनाउनु पर्नेछ।

**७) सदस्य केन्द्रीयता मापनः** (१) गाउँपालिकाले सहकारी संस्था वाट एकीकृत व्यवस्थापन सूचना प्रणालीमा गरेको दाखिलाका आधारमा सदस्य सहभागिताका देहायका सुचक अनुसार सहकारी संस्थाको सदस्य केन्द्रीयता मापन गर्नुपर्नेछ ।

क) संस्थापकीय सरोकार

ख) सञ्चालकीय सक्रियता

ग) संरक्षकीय सम्बन्धन ।

(२) उपदफा (१) बमोजिम मापन गर्दा **अनुसूची- २** मा दिइएको गणना विधि अपनाएर प्राप्त मानका आधारमा सुचकगत स्तर समेत जनाउनुपर्ने छ ।

**८) सदस्य केन्द्रीयता सुचकांकः** (१) दफा ७ बमोजिम सुचकगत मानका आधारमा नियामक निकायले **अनुसूची-३** को ढाँचामा सहकारी संस्थाको सदस्य केन्द्रीयता सुचकांक गणना गर्नुपर्ने छ ।

(२) उपदफा १ बमोजिम गणना गर्दा सहकारी संस्थाको एकलका साथै संस्थाहरुको सुचकगत एवम् समष्टिगत अवस्था समेत देखिने व्यवस्था मिलाउनुपर्ने छ ।

**९) जोखिमावस्था वर्गीकरणः** गाउँपालिकाले दफा ६ बमोजिमको प्रारम्भिक वित्तीय लेखाजोखाका चौध र दफा ७ बमोजिमका ३ समेत जम्मा १७ वटा सुचकको आधारमा देहायको संख्यामा मान सिमाङ्कन पालना गरे अनुसार **अनुसूची -४** को ढाँचामा सहकारी संस्थाहरुको जोखिमावस्थाको वर्गीकरण गर्नुपर्दछ ।

क) छ वटा वा घटी सुचकमा सामान्य वा विस्तारित मान सिमाङ्कनको पालना गरेकोमा उच्च जोखिमावस्था ।

ख) सात वटा देखि एघार वटा सम्म सुचकमा सामान्य वा विस्तारित मान सिमाङ्कन पालना गरेकोमा मध्यम जोखिमावस्था ।

ग) बाह्र वटा वा वढी सुचकमा सामान्य वा विस्तारित मान सिमाङ्कनको पालना गरेकोमा न्यून जोखिमावस्था ।

घ) न्यूनतम बाह्र वटा वा वढी सुचकमा सामान्य र बाँकी सुचकमा विस्तारित मान सिमाङ्कनको पालना गरेकोमा अति न्यून जोखिमावस्था ।

**१०) एकीकृत व्यवस्थापन सूचना प्रणालीको निर्देशिका बमोजिम हुनेः** यस निर्देशिकामा अन्यथा लेखिएकोमा बाहेक एकीकृत व्यवस्थापन सूचना प्रणालीमा अङ्गीकरण, दाखिला, ताकेता, जनाउ, प्रति उत्तर, दाखिलाको ग्रहण वा संशोधित दाखिला लगायतका काम कुराका सम्बन्धमा विभाग तथा सङ्घीय मन्त्रालयबाट स्वीकृत एकीकृत व्यवस्थापन सूचना प्रणालीको निर्देशिका बमोजिम हुनेछ ।

## परिच्छेद-४
## स्थलगत निरीक्षण तथा अनुगमन

**११. स्थलगत निरीक्षण तथा अनुगमनका विषयवस्तुहरू**

(१) निरीक्षण वा अनुगमनकर्ताले अन्य कुराको अतिरिक्त देहायका विषयवस्तुमा विशेष ध्यान दिएर चेकजाँच गर्नुपर्दछ।

क) दर्ता अनुमतीको पालना

ख) संचालन पद्धतिको पालना

ग) हिसाबकिताबको अध्यावधिक

घ) सदस्य सेवाको गुणस्तर

ङ) कार्य प्रकृति विशेषताको सरोकार

(२) लेखापालन अभिलेख अद्यावधिक राखे नराखेकोः सहकारी संस्थाले सहकारी ऐन, प्रदेश कानुन वा स्थानीय कानुनमा भएको व्यवस्था बमोजिम लेखामान, खाता तथा शर्त व्यवस्था अनुरुप कारोवारको हरहिसाव जुनसुकै वखत अद्यावधिक गर्नुका साथै तत् सम्बन्धी सम्पुष्टीजनक कागजातहरू दुरुस्त अवस्थामा राख्नुपर्ने छ।

(३) मुख्य कारोवारको हरहिसाव छुट्टिने गरी खाताबही कायम गरे नगरेकोः (क) वहुउद्धेश्शीय वा अन्य विषयगत सहकारी संस्थाले बचत तथा ऋणको कारोवार गर्दै आएको भए मुख्य कारोवारको गणना प्रयोजनका लागि बचत तथा ऋण तर्फको कारोवारको हरहिसाव छुट्टिने गरी खातावही कायम गरे नगरेको अनुगमन गर्नुपर्दछ।
(ख) मुख्य कारोवारको गणना विधिमा कुनै विवाद उत्पन्न भएमा दर्ता अधिकारीले तोके बमोजिम हुनेछ।

(४) ऋणहानीका लागि व्यवस्था गरे नगरेकोः बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाले लगानीमा रहेको ऋण मध्ये भाखा नाघे ननाघेको मासिक रुपमा वर्गिकरण गरी भाखा नाघेको ऋणको हकमा बाह्र महिना सम्म भाखा नाघेको भए कम्तिमा पैतिस प्रतिशत, बाह्र महिना भन्दा बढी अवधिको भाखा नाघेको भए एक सय प्रतिशत तथा भाखा ननाघेको ऋणको एक प्रतिशत ऋणहानीका लागी व्यवस्था गर्नुपर्ने छ।

(५) कमिशन दिएर रकम संकलन गर्न नहुनेः सहकारी संस्थाले कमिशन एजेन्ट राखी वा कसैलाई कमिशन बापत कुनै किसिमको पारितोषिक दिएर शेयर बचत वा अन्य कुनै प्रकारको रकम संकलन गर्नु गराउनु हुँदैन।

(६) विधुतीय सेवा संचालन अनुमति लिए नलिएकोः (क) नियामक निकायले बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाले विधुतीय माध्यमबाट सेवा संचालन गर्दा विभागले स्वीकृत गरेको निर्धारक अनुसार सेवा संचालन स्थापना गरी नियामक निकायबाट जाँच गराएर स्विकृति लिए नलिएको चेक जाँच गर्नुपर्दछ।
(ख) यो निर्देशिका लागु हुनु अगावै विधुतीय माध्यमबाट सेवा संचालन गरिसकेको सहकारी संस्थाले यो निर्देशिका लागु भएको छ महिना भित्र उपदफा (६) खण्ड (क) बमोजिम स्विकृति लिई सक्नुपर्ने छ।

(७) संचित घाटा पुर्ति नहुँदै रकम वितरण गरे नगरेकोः नियामक निकायले अनुगमन गर्दा अघिल्लो वर्ष सम्मको सञ्चित घाटा पूरै पूर्ति नभए सम्म बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाले सेयर लाभांश बापत कुनै रकम वितरण गरेको छ छैन चेकजाच गर्नुपर्छ।

(८) शेयरपुँजीः सहकारी संस्थाले कुनै एक व्यक्तिबाट कुल शेयरपुँजीको २० प्रतिशत भन्दा बढी शेयर पुँजी संकलन गर्नु हुँदैन।

(९) कोषः सहकारी संस्थाले अन्नपूर्ण सहकारी ऐनको परिच्छेद १० बमोजिम कोष व्यवस्था गरेको हुनुपर्दछ।

(१०) संघको सदस्यताः सहकारी संस्थाले विनियममा तोकिएबमोजिम विषयगत संघको सदस्यता लिनुपर्दछ।

(११) कार्यक्षेत्र

(१२) सेवा केन्द्र

(१३) कार्यालय

(१४) सदस्यता

(१५) साधारण सभा

(१६) प्रतिवेदन

(१७) लेखा परीक्षण

(१८) संचालक समिति

(१९) लेखा सुपरिवेक्षण समिति

(२०) व्याजदर

(२१) नगद हिसाव

(२२) वैंक हिसाव

(२३) पाउनुपर्ने हिसाव

(२४) ऋण लगानी प्रकृया

(२५) अभिलेख व्यवस्थापन

(२६) उद्वेश्य

(२७) कार्य

(२८) अचल सम्पत्ति खरिद विक्रि

(२९) उत्पादन र विक्रि वितरण

(३०) विमा

(३१) सदस्य शिक्षा

(३२) कर्मचारी व्यवस्था

(३३) बचत निक्षेप

(३४) नीति कार्यविधि तथा बिबिध

## परिच्छेद-५
## निरीक्षण अनुगमन टोलीको गठन र कार्य प्रकृया

**१२) निरीक्षण तथा अनुगमन टोलीको गठनः** (१) प्रमुख प्रशासकीय अधिकृतबाट गाउँपालिकाको सहकारी शाखामा कार्यरत कर्मचारीको नेतृत्वमा वढीमा ३ सदस्यीय निरीक्षण तथा अनुगमन टोली गठन गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनी प्रमुख प्रशासकीय अधिकृतले टोलीको नेतृत्व गर्न वाधा पर्ने छैन।

(३) उपदफा (१) बमोजिमको टोलीको सहजीकरणको लागि आवश्यकता अनुसार सहकारी क्षेत्रसँग सम्बन्धित विज्ञ नियुक्ति गर्न सकिने छ।

**१३) निरीक्षण तथा अनुगमनको लागि समय सिमा तोकिनेः** निरीक्षण तथा अनुगमन टोली गठन गर्दा संस्थाको सदस्य संख्या, कारोवारको आयतन तथा कार्यक्षेत्रका आधारमा कार्यवोझ हेरी बाटोको म्याद बाहेक देहायको अवधी भित्र काम सम्पन्न गर्ने गरी अवधि तोक्नुपर्ने छ।

क) एक करोड सम्म जायजेथा भएको संस्थाको लागि -१ दिन

ख) एक करोड देखि पाँच करोड सम्म जायजेथा भएको संस्थाको लागि- २ दिन

ग) पाँच करोड भन्दा माथि जायजेथा भएको संस्थाको लागि- ३ दिन

**१४) निरीक्षण अनुगमन टोलीको सुविधाः** (१) निरीक्षणकर्ता वा अनुगमन टोलीका सदस्यहरूले दैनिक भ्रमण भत्ता पाउनेमा नियमानुसार दैनिक भ्रमण भत्ता, नपाउनेमा गाउँपालिकाले तोकेको दरमा प्रति व्यक्ति प्रति बैठक भत्ता बराबरको रकम, यातायात खर्च तथा खाजा खर्च बापतको सुविधा प्राप्त गर्नेछन्।

(२) दफा १२ को उपदफा (३) बमोजिम नियुक्ति भएको विज्ञले तोकिएबमोजिमको पारिश्रमिक पाउने छन्।

(३) दफा १२ को उपदफा (१) बमोजिमका टोली प्रमुखले प्रत्येक सहकारी संस्थाको प्रतिवेदन तयार गरेबापत गाउँपालिकाले तोकेको प्रतिवेदन तयारी बापतको रकम बराबरको थप सुविधा पाउने छ।

**१५) अनुगमन तथा निरीक्षण टोली सम्बन्धी विशेष व्यवस्था**: यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दर्ता अधिकारीले सहकारी संस्थाको निरीक्षण तथा हिसाव जाँच गरी प्रतिवेदन पेश गर्न जुनसुकै बखत निरीक्षण टोली गठन गरी खटाउन सक्ने छ।

**१६) स्थलगत अनुगमनको पूर्व तयारी**: (१) निरीक्षण अनुगमन टोलीद्वारा स्थलगत अध्ययन भ्रमणमा जानु अघि सहकारी ऐन, नियमावली, निर्देशिका मापदण्ड, संस्थाको विनियम तथा नीति कार्यविधि, पछिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, वित्तीय विश्लेशण प्रतिवेदन, साधारण सभाको निर्णय तथा प्रतिवेदन, पूर्व निरीक्षण अनुगमनको प्रतिवेदन, संस्थाको सेवा प्रवाहसँग सम्बन्धित गुनासो तथा उजुरी लगायतका विवरण संकलन गर्नुपर्ने छ।

(२) अनुगमन निरीक्षण टोलीले अनुगमनको लागि प्रत्येक सहकारी संस्थाको लागि अनुगमन कार्यतालिकाको तयारीको साथै **अनुसूची-५** बमोजिमको ढाँचाको फारम प्रयोग गर्नुपर्ने छ।

(३) निरीक्षण तथा अनुगमनको शिलशिलामा पदाधिकारी तथा व्यवस्थापकहरूको वैठकको मिति र समय निर्धारण गर्नुपर्ने छ।

**१७) पूर्व सूचना**: निरीक्षण तथा अनुगमन टोलीले सहकारी संस्थालाई पूर्व सूचना दिई वा नदिई निरीक्षण तथा अनुगमन गर्न सक्नेछ।

**१८) संयुक्त अनुगमन टोली सम्बन्धी व्यवस्था**: (१) गाउँपालिकाले अन्य नियामक निकायको समेत प्रतिनिधित्व हुने गरी संयुक्त अनुगमन टोलीको गठन गरी सहकारी संस्थाको निरीक्षण तथा अनुगमन गर्न सक्नेछ।

(२) संयुक्त अनुगमन टोलीमा आवश्यकता अनुसार नेपाल राष्ट्र वैंकका प्रतिनिधि तथा सहकारी क्षेत्रका विज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ।

(३) संयुक्त अनुगमन टोलीमा अर्को निकायवाट खटिई आउने प्रतिनिधिको समेत नियमानुसारको खर्च गाउँपालिकाले व्यहोर्ने छ।

(४) उपदफा (१) बमोजिमको संयुक्त अनुगमन टोलिको गठन गाउँ कार्यपालिकाको बैठकबाट गरिनेछ।

## परिच्छेद- ६
## स्थलगत जाँच विधि

**१९) वार्षिक कार्ययोजना बनाउनुपर्ने**: (१) गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्रका सबै सहकारी संस्थाहरूको कम्तिमा १ (एक) पटक अनुगमन गर्ने गरी वार्षिक कार्ययोजना तयार गर्नुपर्दछ।

(२) आर्थिक वर्ष २०८०/०८१ को हकमा गाउँपालिकाले सम्भव भएजति सहकारी संस्थाको निरीक्षण अनुगमन गर्ने गरी तोक्न सक्नेछ।

**२०) प्रारम्भिक बैठक राख्नुपर्ने**: (१) स्थलगत जाँच कार्य प्रारम्भ गर्नु अधि निरीक्षण तथा अनुगमन टोलीले सहकारी संस्थाका तत्काल उपलब्ध भएसम्म अध्यक्ष लगायतका संचालकका साथै लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरू समेत र नभए व्यवस्थापक एवम् कर्मचारीहरू बिच प्रारम्भिक बैठक राख्नुपर्ने छ।

(२) प्रारम्भिक निरीक्षण वा अनुगमन बैठकको उपस्थिति छलफल र निर्णयको अभिलेख राख्नु पर्नेछ।

**२१. स्थलगत जाँच विधि**: (१) निरीक्षण तथा अनुगमन टोलीले स्थलगत जाँच गर्दा देहायका विधि अपनाउनुपर्नेछः

क) सहकारी संस्थाका सम्बन्धित कर्मचारी, व्यवस्थापक वा पदाधिकारीबाट जाँच सूचीका एक एक बुँदामा भए गरेको जानकारी लिने।

ख) खण्ड (क) बमोजिम प्राप्त जानकारीको सम्बन्धमा अभिलेख हेरी तथ्य भिडाउने।

ग) अभिलेख नहुने वा भएको अभिलेखबाट पुरै नखुल्ने विशेष नियामक सरोकारमा अर्को कर्मचारी, व्यवस्थापक वा पदाधिकारी समेतबाट भिन्नै जानकारी लिएर तथ्य भिडाउने।

घ) प्रत्येक बुँदाका सम्बन्धमा भए गरेको यथार्थ व्यहोरा प्रष्ट अंक र अक्षरमा टिप्ने तथा टिपोटका लागी छुट्टै कागजको प्रयोग नगरी एउटै वा सिलसिलेवार डायरी वा कपीको प्रयोग गर्ने।

ङ) तत्काल लेख्न र सार्न नभ्याईने वा सार्दा गल्ती हुने विवरणको हकमा छायाप्रति वा छवि लिईराख्ने।

च) विशेष नियामक सरोकारमा प्राप्त जानकारीको समष्टिगत प्रमाण नभेटिएको वा चित्त वुझ्दो नभएमा कुनै निश्कर्षमा नपुगी तत् सम्बन्धी व्यहोरा प्रष्ट जनाईराख्ने।

छ) जाँच प्रकृया पुरा नहुँदै कुनै उजुरीका सम्बन्धमा आफ्नो धारणा प्रकट नगरी उक्त बिषयका साथै अन्य विषयवस्तुका सम्बन्धमा यथाशक्य थप जानकारी लिनमा नै केन्द्रित रहने।

## परिच्छेद-७
## प्रतिवेदन र कारवाही सम्बन्धी व्यवस्था

**२२) प्रारम्भिक टिप्पणी**: निरीक्षण तथा अनुगमन टोलीले **अनुसूची -६** बमोजिमको ढाँचामा सहकारी संस्थाको कार्य संचालनको अवस्थाको परिक्षणको क्रममा पाईएका सकारात्मक काम कुराका साथै कैफियतका मुख्य बुँदाहरूको प्रारम्भिक टिपन स्थलगत रुपमा नै तयार गर्नुपर्छ।

**२३) संस्थागत प्रतिकृया**: दफा २२ बमोजिमको प्रारम्भिक टिपनका मुख्या बुँदाहरुमा निरीक्षण तथा अनुगमन टोलीले व्यवस्थापन तह, संचालकका साथै लेखा सुपरिवेक्षण समितिका पदाधिकारी समेतको संस्थागत प्रतिकृया लिनुपर्दछ।

**२४) निरीक्षण तथा अनुगमन प्रतिवेदन**: (१) निरीक्षण तथा अनुगमन टोलीले दफा ११ मा उल्लेखित विषयहरुमा स्थलगत जाँचवाट देखिएको सहकारी संस्थाको अवस्था खुलाएर स्थलगत कार्य सम्पन्न भएको ७ (सात) दिन भित्र **अनुसूची -७** बमोजिमको ढाँचामा दर्ता अधिकारी समक्ष सिफारिस सहितको प्रतिवेदन पेश गर्नुपर्दछ।

(२) निरीक्षण तथा अनुगमन टोलीले सहकारी संस्थाको कामकारवाहीमा अस्वभाविक कैफियतहरू भेटीएकोले गहन अनुगमन नै गर्नुपर्ने देखेको खण्डमा सोका लागि आधार समेत जनाएर सिफारिस गर्नुपर्दछ।

**२५) कागजात संलग्न राख्नुपर्नेः** निरीक्षण तथा अनुगमन टोलीले दफा २४ बमोजिम पेश गरेको प्रतिवेदनका साथ स्थलगत सूचना संकलनमा प्रयोग गरेको जाँच-सूची तथा विशेष नियामक सरोकारमा आवश्यक सम्पूर्ण कागजातका छायाप्रति समेत संलग्न राख्नुपर्छ।

**२६) प्रतिवेदनको अध्ययनः** प्रमुख प्रशासकीय अधिकृतले दफा २४ बमोजिम पेश भएको निरीक्षण तथा अनुगमन प्रतिवेदन अध्ययन गर्नु वा गराउनु पर्दछ।

**२७) छलफलमा वोलाउनेः** (१) दर्ता अधिकारीले निरीक्षण अनुगमनको विषयवस्तुमा छलफल गर्न प्रतिवेदन प्राप्त भएको मितिले २१ (एक्काईस) दिन भित्र सम्बन्धित सहकारी संस्थाका संचालक साथै लेखा सुपरिवेक्षण समिति, ऋण उप समितिका संयोजक तथा सदस्यहरु र व्यवस्थापकलाई बोलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको छलफल दर्ता अधिकारी वा निजले तोकेको अधिकृतको अध्यक्षतामा राखी गाउँपालिकाका सम्बन्धित शाखाका कर्मचारीलाई समेत सहभागी गराउनु पर्नेछ।

**२८) निर्देशन दिन सक्नेः** गाउँपालिकाले सहकारी ऐनमा भएको व्यवस्था बमोजिम निरीक्षण तथा अनुगमन प्रतिवेदनका आधारमा **अनुसूची -८** बमोजिमको ढाँचामा सम्बन्धित सहकारी संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

**२९)कार्ययोजना पेश गर्नु पर्नेः** (१) सहकारी संस्थाले दफा २८ बमोजिम प्राप्त निर्देशनको प्रभावकारी कार्यान्वयनको लागी निर्देशनमा तोकिएको अवधी भित्र **अनुसूची -९** बमोजिमको ढाँचामा कार्ययोजना तयार गरी **अनुसूची-१०** बमोजिमको ढाँचामा निर्देशन कार्यान्वयन प्रगति समेत गाउँपालिकामा पेश गर्नुपर्दछ।

(२) उपदफा (१) बमोजिम कार्ययोजना वनाउदा तत्काल कार्यान्वयन गर्ने, छ महिना भित्र कार्यान्वयन गर्ने र छ महिना भन्दा बढी दिइएको अधिकतम समय भित्र कार्यान्वयन गरी सक्ने गरी तिन चरण छुट्टयाउनु पर्नेछ।

**३०) जिम्मेवारी किटान गरिदिनुपर्नेः** (१) सहकारी संस्थाको निरीक्षण तथा अनुगमन वा हिसाव जाँचका शिलशिलामा कसैले गाउँपालिकाको सहकारी ऐनको दफा (८१) मा उल्लेखित कार्य गरेको पाईएमा त्यस्तो कार्य को-कसवाट भएको हो गाउँपालिकाले जिम्मेवारी किटान गरिदिनु पर्छ।

## परिच्छेद-८
## विविध

**३१) विवरण उपलव्ध गराउनुपर्नेः** सम्बन्धित सहकारी संस्थाले निरीक्षण तथा अनुगमन टोलीले स्थलगत जाँचका क्रममा माग गरेका संस्थासँग सम्बन्धित विवरणहरू उपलब्ध गराउनु पर्नेछ।

**३२) निरीक्षण तथा अनुगमन टोलीको आचारसंहिताः** निरीक्षण तथा अनुगमन टोलीका संयोजक र सदस्यहरूले देहाय बमोजिमका आचारसंहिता पालना गर्नु पर्नेछ।

क) सहकारी संस्थाका कर्मचारी, संचालक लगायतसँग जानकारी हासिल गर्ने क्रममा शिष्टतापूर्वक व्यवहार गर्नुपर्ने ।
ख) कसै प्रति कुनै किसिमको पूर्वाग्रह राख्न नहुने ।
ग) सक्कल श्रेस्तामा केरमेट नगर्ने ।
घ) निरीक्षण तथा अनुगमनको क्रममा सहकारी संस्थाको सेवा संचालनको निरन्तरतामा बाधा नपुर्याउने ।
ङ) सहकारी संस्थाको स्थलगत जाँचका क्रममा आएको सूचनाको गोपनियता कायम राख्ने ।
च) सहकारी संस्थाको काम कारोवारमा संलग्न कसैबाट कुनै प्रकारको लाभ लिन नहुने ।
छ) सहकारी संस्थाको मसलन्द प्रयोग नगर्ने ।
ज) निरीक्षण तथा अनुगमनको लागि खटिएको सहकारी संस्थामा आफ्नो नजिकका नातेदार संचालक समितिमा भएमा त्यस्तो संस्थाको निरीक्षण तथा अनुगमन टोलीमा सहभागी नहुने ।

**३३) सूचनाको उपयोगमा प्रतिवन्धः** (१) सहकारी संस्थाको निरीक्षण, अनुगमन वा हिसाव जाँच प्रतिवेदनका साथै त्यस्तो प्रतिवेदनको आधारमा भएको छलफलको व्यहोरा, गाउँपालिकाका तर्फवाट दिईएको निर्देशन, पेश गरिएको कार्ययोजना र सोको कार्यान्वयन प्रगतिसंग सम्बन्धित गाउँपालिकामा रहेको कुनै सूचना सहकारी कानुन बमोजिम नियमन बाहेक अन्य कुनै प्रयोजनमा प्रयोग गर्नु हुँदैन ।
तर, यसमा कानून बमोजिम अदालत, आयोग वा अधिकार प्राप्त अन्य निकायवाट माग भई आएको खण्डमा दर्ता अधिकारीको लिखित आदेश वाट त्यस्तो सूचना उपलव्ध गराउन वाधा पुर्याएको मानिने छैन ।

**३४) अनुगमन गर्न सक्नेः** दफा १२ बमोजिम गठित अनुगमन तथा निरीक्षण टोलीवाट भएको निरीक्षण तथा अनुगमन कार्यको आवश्यकता अनुसार गाउँपालिका अध्यक्ष तथा टोली प्रमुख प्रमुख प्रशासकीय अधिकृत नभएको अबस्थामा निजले समेत अनुगमन गर्न सक्ने छन् ।

**३५) मानकहरुको आधार लिन सक्नेः** यस निर्देशिकामा उल्लेख भएकोमा यसै बमोजिम र संघीय सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिकासँग वाँझिएको हकमा र यस निर्देशिकामा उल्लेख नभएका विषयमा संघीय निर्देशिका बमोजिम हुनेछ ।

**३६) वाधा अड्काउ फुकाउने अधिकारः** यो निर्देशिका कार्यान्वयनको शिलशिलामा कुनै वाधा अड्काउ परेमा दर्ता अधिकारीले फुकाइदिन सक्ने छ ।

**३७) व्याख्या गर्ने अधिकारः** यो निर्देशिकाको व्याख्या गर्ने अधिकार दर्ता अधिकारीमा हुनेछ ।

**३८) संशोधन र परिमार्जनः** यो निर्देशिका संशोधन तथा परिमार्जन गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

**अनुसूची-१**

**सहकारी संस्थाको प्रारम्भिक वित्तीय लेखाजोखा फारम**

**दफा ६ को उपदफा (२) सँग सम्बन्धित**

**मितिः २०८...../......./....... सम्मको विवरणमा आधारित**

संस्थाको नामः................................................. ठेगानाः.......................................

दर्ता नं.................................... नियामक निकायः...................................

| क्र. स. | सुचक | सुत्र | यथार्थ मान | | अपेक्षित मान सिमाङ्कन | | पालना अवस्था | |
|---|---|---|---|---|---|---|---|---|
| | | | अंक रु. | अनुपात (%) | सामान्य अनुपात(%) | विस्तारित अनुपात(%) | सामान्य अनुपात( ✔ /×) | विस्तारित अनुपात ( ✔ /×) |
| १ | ऋण हानी व्यवस्था ( पि १) | जम्मा व्यवस्था गरेको रकम | | | १०० | >९० | | |
| | | १२ महिना भन्दा बढी भाखा नाघेको ऋण | | | | | | |
| २ | ऋण हानी खुद व्यवस्था ( पि २) | जम्मा व्यवस्था गरेको रकम- १२ महिना भन्दा बढी भाखा नाघेको ऋण | | | ३५ | >३० | | |
| | | १२ महिना भन्दा बढी भाखा नाघेको ऋण | | | | | | |
| ३ | असल ऋणको लागि जोखिम व्यवस्था ( पि २ एक्स) | जम्मा असल ऋणको रकम | | | १०० | १०० | | |
| | | जम्मा व्यवस्था गरेको रकम | | | | | | |
| ४ | खुद ऋण र कुल सम्पत्ति अनुपात (ई १) | जम्मा लगानीमा रहेको ऋण-जम्मा गर्नुपर्ने ऋण हानी व्यवस्था | | | ७०-८० | ६०-९० | | |
| | | कुल सम्पत्ति | | | | | | |
| ५ | कुल बचत दायित्व र कुल सम्पत्ति अनुपात (ई ५) | जम्मा बचत दायित्व | | | ७०-८० | ६०-९० | | |
| | | कुल सम्पत्ति | | | | | | |
| ६ | वाह्ल ऋण दायित्व र कुल सम्पत्ति अनुपात (ई ६) | जम्मा तिर्नुपर्ने ऋण | | | <५ | <७.५ | | |
| | | कुल सम्पत्ति | | | | | | |
| ७ | | कुल अंशधन | | | १०-२० | ७.५-२५ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल अंशधन र कुल सम्पत्ति अनुपात (ई ७) | कुल सम्पत्ति | | | | | | |
| ८ | कुल संस्थागत पुजी र कुल सम्पत्ति अनुपात (ई ८) | कुल संस्थागत पुँजी<br>कुल सम्पत्ति | | | >१० | >७.५ | | |
| ९ | कुल ऋण लगानी र भाखा नाघेको ऋण अनुपात (ए १) | भाखा नाघेको ऋण<br>जम्मा लगानीमा रहेको ऋण | | | ≤५ | ≤७.५ | | |
| १० | कुल सम्पत्ति र नकामाउने सम्पत्तिको अनुपात (ए २) | नकमाउने सम्पत्ति<br>कुल सम्पत्ति | | | <५ | ≤५ | | |
| ११ | कुल सञ्चालन खर्च र कुल औषत सम्पत्ति अनुपात (आर ९) | ऋण हानी व्यवस्था बाहेकको जम्मा सञ्चालन खर्च<br>आरम्भको कुल सम्पत्ति+अन्तिमको कुल सम्पत्ति/२ | | | ≤५ | ≤७.५ | | |
| १२ | खुद उवार र कुल औषत सम्पत्ति अनुपात (आर १२) | खुद वार्षिक उवार<br>आरम्भको कुल सम्पत्ति+अन्तिमको कुल सम्पत्ति/२ | | | ≥१० | ≥५ | | |
| १३ | तरलता जगेडा र बचत दायित्व अनुपात (एल २) | जम्मा तरलता कोष<br>जम्मा बचत दायित्व | | | १० | ७.५-१५ | | |
| १४ | जायजेथा वृद्धिदर (एस ११) | हालको कुल सम्पत्ति-अघिल्लो वर्षान्तको कुल सम्पत्ति<br>अघिल्लो वर्षान्तको कुल सम्पत्ति | | | ≥७.५ | ≥५ | | |

## अनुसूची-२

## सहकारी संस्थाको सदस्य केन्द्रीयता फारम

## दफा ७ को उपदफा (२) सँग सम्बन्धित

## मितिः २०८...../......./....... सम्मको विवरणमा आधारित

संस्थाको नामः................................................ ठेगानाः.....................................

दर्ता नं.................................... नियामक निकायः..................................

| क्र.स. | सुचक | सुत्र | सिमाङ्कन | | वास्तविक मान |
|---|---|---|---|---|---|
| | | | सामान्य | विस्तारित | |
| १ | संस्थापकीय सरोकार | सदस्यको पुँजी रु.+ नियमित बचत रु.<br>जम्मा पुँजी रु (सदस्यको पुँजी रु.+जम्मा बचत रु+तिर्नुपर्ने ऋण रु.)+ तटस्थ श्रोत संयोग विन्दु समायोजन अंक रु. | >६० | >४५ | |
| २ | संचालकीय सक्रियता | वर्षमा सदस्य वैठक (साधारण सभा+विशेष साधारण सभा+विस्तारित मञ्च) मा उपस्थित सदस्य<br>(वर्षारम्भका जम्मा सदस्य+वर्षान्तका जम्मा सदस्य/२) ×६वा (वर्षमा सदस्य बैठकमा उपस्थित सदस्य) मा जसको संख्या वढी हुन्छ सो | >६० | >४५ | |

३. संरक्षकीय सम्वन्धन

| | | | | | |
|---|---|---|---|---|---|
| क | उत्पादक संस्था | सदस्यहरुसँगको वार्षिक खरिद रु.<br>जम्मा सदस्यतर्फी बार्षिक खरिद रु. वा (रु. ९३,९९३× सदस्य संख्या) मा जुन वढी हुन्छ सो | >६० | >४५ | |
| ख | उपभोक्ता संस्था-वित्तीय सेवा | वर्षभरीमा कम्तीमा एकपल्ट ऋण प्राप्त गर्ने सदस्य संख्या<br>(वर्षारम्भका जम्मा सदस्य संख्या +वर्षान्तका जम्मा सदस्य संख्या)/२ | >६० | >४५ | |
| ग | उपभोक्ता संस्था-आधारभूत निर्वाह | सदस्यलाई वार्षिक विक्री रु.<br>जम्मा सदस्यतर्फी बार्षिक विक्री रु. वा (रु. ९३,९९३× सदस्य संख्या)/५ मा जुन वढी हुन्छ सो | >६० | >४५ | |
| घ | उपभोक्ता संस्था-परिपूरक निर्वाह | सदस्यलाई वार्षिक बिक्रि रु.<br>जम्मा सदस्यतर्फी बार्षिक विक्री रु. वा (रु. ९३,९९३× सदस्य संख्या)/१० मा जुन वढी हुन्छ सो | >६० | >४५ | |
| ङ | श्रमिक संख्या | सदस्यलाई वार्षिक पारिश्रमिक भुक्तानी रु.<br>जम्मा सदस्यतर्फी वार्षिक पारिश्रमिक रु. वा (रु. ९३,९९३× सदस्य संख्या) मा जुन वढी हुन्छ सो | >६० | >४५ | |
| च | वहुउद्धेशीय संस्था | (३ क)+(३ ख) वा (३ ग) वा (३ घ) मा जुनको मान वढी हुन्छ सो + ३ (ङ)<br>३ | >६० | >४५ | |
